# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

सानोठिमी, भक्तपुरको

## पाठ्यपुस्तक बिक्रीवितरण सम्बन्धी सूचना

- नेपाल सरकारको निर्णय अनुसार शैक्षिक सत्र २०८३ को लागि विद्यालयस्तरीय कक्षा ३ र कक्षा ५ देखि १० सम्मका यस केन्द्रले छपाई गर्नुपर्ने १ करोड ७० लाख ५० हजार थान पाठ्यपुस्तक (अंग्रेजीमा अनुवादित समेत) छपाई सम्पन्न भई बिक्रीवितरणका लागि प्रादेशिक कार्यालयहरूमा पठाइसकिएको छ ।
- केन्द्र तथा प्रादेशिक कार्यालयहरूसहित ९ वटा कार्यालयहरूबाट ७७ वटै जिल्लाहरूका लागि तालिकाबद्ध रूपमा मिति २०८२/१२/१६ गतेदेखि पाठ्यपुस्तक बिक्रीवितरण खुल्ला गरिएको छ ।
- देशभर रहेका केन्द्रका सूचीकृत बिक्रेताहरूले शैक्षिक सत्र सुरु हुनु अगावै छिटोछरितो रूपमा पाठ्यपुस्तक उठाई सम्बन्धित विद्यालयहरूमा पुऱ्याउन अनुरोध गर्दछौं ।
- गत शैक्षिक सत्र २०८२ का लागि कक्षा ३ र कक्षा ५ देखि १२ सम्मका पाठ्यपुस्तक सरकारी तवरबाट जनक शिक्षा सामग्री केन्द्रले छपाई एवम् बिक्रीवितरण गर्ने निर्णय भएको । शैक्षिक सत्र २०८३ का लागि पनि सोही अनुसार नै निर्णय भएको । गत वर्ष कक्षा ३ र ५ का पाठ्यपुस्तक निजी क्षेत्रबाट ठूलो संख्यामा छपाई गरी बिक्रीवितरण भई केन्द्रका पाठ्यपुस्तक मौज्दात रहन गएकाले यस वर्ष कक्षा ३ र कक्षा ५ देखि १० सम्मका सबै पाठ्यपुस्तक अनिवार्य रूपमा सेटमा बिक्रीवितरण गर्ने तथा बिक्रेताले सेटमै उठाउनु भई सरकारी निर्णयको पालना गर्नुहुन अनुरोध गर्दछौं ।
- कथंकदाचित कहीँकतै विद्यालयमा पाठ्यपुस्तक नपुगेको र विद्यार्थीहरूले प्राप्त नगरेको गुनासो आएमा तुरुन्त यस केन्द्र तथा प्रादेशिक कार्यालयहरूका निम्न नं. मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।
- कक्षा ११ र १२ का पाठ्यपुस्तक पनि विद्यार्थी सङ्ख्याको आधारमा छपाई भइरहेकोले समयमै उपलब्ध हुने सुनिश्चित गर्दछौं ।

| कार्यालयहरू : | कार्यालय नं. | मोबाइल नं. |
|---|---|---|
| केन्द्रीय कार्यालय सानोठिमी, भक्तपुर | ०१-६६३०१४० | ९८४८४२४७१४ |
| प्रादेशिक कार्यालय विराटनगर | ०२१-४७४३६६ | ९८४१३०२३०३ |
| प्रादेशिक कार्यालय जनकपुर | ०४१-५२३३२६ | ९८६२३६५८५३ |
| प्रादेशिक कार्यालय भरतपुर | ०५६-५९०३२१ | ९८५१२२७१११ |
| प्रादेशिक कार्यालय पोखरा | ०६१-५७०३२२ | ९८४०८७७३६६ |
| प्रादेशिक प्रेस नेपालगञ्ज | ०८१-४१५१४५ | ९८५१३२६६२६ |
| प्रादेशिक कार्यालय बुटवल | ०७१-५५३६४२ | ९८४३९२२९८२ |
| प्रादेशिक कार्यालय सुर्खेत | ०८३-५२४६३० | ९८४७४१३०२० |
| प्रादेशिक कार्यालय धनगढी | ०९१-४१६४०३ | ९८६०५२९६७४ |